# नेपाल सरकार

## सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालय
### सामाजिक परिचालन तथा गैसस समन्वय शाखा
### सिंहदरवार, काठमाण्डौं

मिति : २०७२। ०९ । ०१

पत्र संख्या : ०७२/०७३
च.नं. : १५

---

विषय : वडा नागरिक मञ्चको क्रियाशीलता मापन तथा वर्गीकरण संवन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय सवै,
श्री महानगरपालिका / उप महानगरपालिका तथा नगरपालिकाको कार्यालय सवै ।

प्रस्तुत सम्वन्धमा तहा जिल्ला विकास समितिको कार्यालय र नगरपालिकाको कार्यालयवाट त्यस जिल्लाका गाविसहरु र नगरपालिकाका वडाहरुमा सञ्चालन भईरहेको सामाजिक परिचालन कार्यक्रम अन्तरगत गठित वडा नागरिक मञ्चहरुको क्रियाशीलता मापन तथा वर्गीकरण संवन्धी सूचक र मार्ग निर्देशन यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ । यसर्थ, संवन्धित स्थानीय सेवा प्रदायक संस्था र सामाजिक परिचालकहरुलाई परिचालन गरी संलग्न सूचकहरुमा आधारित भई मार्ग निर्देशनमा उल्लेखित प्रकृयाद्वारा वडा नागरिक मञ्चहरुको क्रियाशीलता मापन तथा वर्गीकरण गरी वर्गीकरणको सारांश नतिजा माघ १५, २०७२ सम्ममा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय इकाई मार्फत मन्त्रालयमा पठाउन हुन अनुरोध गर्दछु । साथै, जिल्ला तथा नगर सामाजिक परिचालन समिति, सामाजिक विकास शाखा र जिल्ला तथा नगर शासन विज्ञवाट वडा नागरिक मञ्चहरुको वर्गीकरण कार्यको अनुगमन गर्ने व्यवस्थाका लागि समेत अनुरोध छ । धन्यवाद ।

बन्धु प्रसाद वास्तोला
उप-सचिव

वोधार्थ :

सवै क्षेत्रीय समन्वय इकाईहरु - विराटनगर, मुजेलिया, धुलिखेल, पोखरा, नेपालगञ्ज र धनगढी - त्यस क्षेत्रीय समन्वय इकाई भित्रका स्थानीय निकायहरुलाई वडा नागरिक मञ्चहरुको क्रियाशीलता मापन तथा वर्गीकरण कार्यको अनुगमन तथा फलोअपका लागि आवश्यक सहयोग र समन्वय गरी तोकिएको ढांचामा सो को सारांश नतिजा तयार गरी मन्त्रालयको सामाजिक परिचालन तथा गैसस समन्वय शाखामा पठाउनुहुन ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**जिल्ला विकास समितिको कार्यालय**

## वडा नागरिक मंचको क्रियाशीलता मापन तथा वर्गीकरण मापन फारम

***जिल्ला :....................................गाविस : ..............................*** ***पुनर्गठन भएको / नभएको*** ***(एक वडा नागरिक मंचका लागि एक फारम प्रयोग गर्ने|)***

| | | | ***सूचक-१ (AMEP)*** | | | | ***सूचक-२ (AMEP)*** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं** | वडा नागरिक मंचमा २७ प्रतिशत सदस्य हेर फेरको अवस्था | | वैठक संचालनको अवस्था | | | | योजना तर्जुमा र प्राथमिकता निर्धारण | | |
| | **भएको** | नभएको | मासिक | द्वैमासिक | चौमासिक | आवश्यकता अनुसार कहिले काहीं मात्र | वडा भेलाको आयोजना र प्राथमिकता निर्धारण वनामबाट हुने गरेको | वडा भेलामा सहभागी सम्म भएको | वडा भेला नै नभएको |
| | ५ | ० | १० | ७ | ५ | ३ | १० | ५ | ० |
| १ | | | | | | | | | |

| | ***सूचक-३ (AMEP)*** | | | | ***सूचक-४ (AMEP)*** | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नं** | वनामले प्रस्ताव गरेका योजना स्वीकृतिको अवस्था ( चालु वर्षको आधार लिने ) | | | | नागरिक अनुगमनमा वनामको क्रियाशीलता | | |
| | ७० प्रतिशत भन्दा बढी | ६० -७० % | ५०-६० % | ५० % भन्दा कम | वडामा संचालित हरेक योजनाको सार्वजनिक लेखा परिक्षण गरी आय व्यय सार्वजनिक गराउने गरेको | कुनै-कुनै योजनाको मात्र खर्च सार्वजनिक हुने गरेको | यस सम्वन्धमा वनामको कुनै अग्रसरता नभएको |
| | १० | ८ | ६ | ४ | १० | ६ | ० |
| १ | | | | | | | |

| | ***सूचक-५ (AMEP)*** | | | ***सूचक-६*** | | | ***सूचक-७*** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं** | सेवा प्रवाहको अवस्था समिक्ष्या र मुल्यांकनमा वनामको क्रियाशीलता | | | समाज रुपान्तरणमा वडा नागरिक मंचको क्रियाशीलताको अवस्था | | | रास्ट्रीय अभियानमा वनामको क्रियाशीलताको अवस्था | | |
| | मंचको वैठकमा सरकारी गैर सरकारी संस्थाले गरेको कामको नियमित रुपमा समिक्ष्या र मुल्यांकन हुने गरेको –हाल सम्म जम्मा चारवटा वा सो भन्दा बढीको समीक्षा गरिएको | हाल सम्म दुईवटा संस्थाको समीक्षा गरेको | सरकारी गैर सरकारी संस्थाले गरेको कामको समिक्ष्या र मुल्यांकन हुने नगरेको | बोक्शी, वाल विवाह, छुवाछुत कुप्रथा हटाउन र सामाजिक सद्भाव वढाउन सक्रिय रही कम्तीमा दुईवटामा कुप्रथा कम गर्न सक्रिय भएको | कम्तिमा कुनै एक कुप्रथा कम गर्न सक्रिय रहेको | चेतना विस्तारका काम गरेको, खासै प्रगति नभएको | खुल्ला दिसा मुक्त, पूर्ण सरसफाई, बिद्यालय भर्ना अभियान, पूर्ण खोप, वातवरण सरसफाई जस्ता कम्तिमा तिन वटा काम भएको | खुल्ला दिसा मुक्त, पूर्ण सरसफाई, बिद्यालय भर्ना अभियान, पूर्ण खोप, वातवरण सरसफाई जस्ता काममध्ये कुनै दुइ अभियानमा रुपमा छलफल भइ कार्यान्यवन गर्न खोजिएको | यस्ता विषयमा वनामको वैठकमा कुनै छलफल नभएको |
| | ५ | ३ | ० | १० | ६ | २ | १० | ६ | ० |
| १ | | | | | | | | | |

| | ***सूचक-८*** | | | ***सूचक-९*** | | | ***सूचक-१०*** | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं** | सेवा प्रवाहमा गाविस/नपालाई सहयोगको अवस्था | | | उपभोक्ता समिति गठन प्रक्रियामा क्रियाशीलता | | | अन्य सरकारी र गैर सरकारी निकायसंग सहकार्य र समन्वय | | | **कुल प्राप्त अंक** |
| | सामाजिक सुरक्ष्या भत्ता पाउनेहरुको नामावली अध्यावधिक, व्यक्तिगत घटना दर्तामा सहयोग गर्न सहयोग गरेको | यस संबन्धमा वडा बासीहरुलाई सूचना दिने तथा भत्ता वितरणमा सहयोग गरेको | यस सम्वन्धमा कुनै पहल नभएको | समावेशी उपभोक्ता समिति गठन गर्न सक्रिय रुपमा सहयोग गरि उपभोक्ता समितिको कामको मूल्यांकन समेत | उपभोक्ता समिति गठनमा मात्र सहयोग गरेको | यस सम्वन्धमा कुनै भूमिका निर्वाह नभएको | वडा भित्र हुने विकास गतिविधिका लागि विभिन्न गैर सरकारी, सरकारी तथा स्थानीय संस्थासंग समन्वय गरि | लागि विभिन्न गैर सरकारी, सरकारी तथा स्थानीय संस्थासंग समन्वय गरि कम्तिमा दुइ वटा क्रियाकलाप सम्पन्न | यस्ता विषयमा कुनै चासो र सरोकार नलिएको | |
| | १० | ६ | ० | १० | ६ | ० | १० | ६ | ० | |
| १ | | | | | | | | | | |

***हामी तल उल्लेखित वडा नागरिक मंचका सदस्यहरुको रोहवरमा यो मूल्यांकन गरिएको हो |***
***वडा नागरिक मंचका उपस्थित सवै सदस्यहरुको नाम र हस्ताक्षर अनिवार्य रुपमा उल्लेख हुनुपर्ने छ |***

| ***नाम*** | ***हस्ताक्षर*** | ***नाम*** | ***हस्ताक्षर*** | ***नाम*** | ***हस्ताक्षर*** | ***नाम*** | ***हस्ताक्षर*** |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| तयार गर्ने | रुजु गर्ने | | प्रमाणित गर्ने | |
|---|---|---|---|---|
| | .............. | .................. | ............. | |
| सामाजिक परिचालक | सामाजिक परिचालन संयोजक (LSP) | संयोजक वडा नागरिक मंच | गाविस सचिव | सामाजिक विकास अधिकृत / DGE |
| नाम : | नाम: | नाम : | नाम | नाम |

**मिति : ....................साल .............महिना ......................गते**

# नेपाल सरकार
## सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालय
### सामाजिक परिचालन तथा गैसस समन्वय शाखा
सिंहदरवार, काठमाण्डौं

मिति : २०७२। ०९ । ०१

पत्र संख्या : ०७२/०७३
च.नं. : ९५

---

विषय : **वडा नागरिक मञ्चको क्रियाशीलता मापन तथा वर्गीकरण संवन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय सवै,
श्री महानगरपालिका / उप महानगरपालिका तथा नगरपालिकाको कार्यालय सवै ।

प्रस्तुत सम्वन्धमा तहा जिल्ला विकास समितिको कार्यालय र नगरपालिकाको कार्यालयवाट त्यस जिल्लाका गाविसहरु र नगरपालिकाका वडाहरुमा सञ्चालन भईरहेको सामाजिक परिचालन कार्यक्रम अन्तरगत गठित वडा नागरिक मञ्चहरुको क्रियाशीलता मापन तथा वर्गीकरण संवन्धी सूचक र मार्ग निर्देशन यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ । यसर्थ, संवन्धित स्थानीय सेवा प्रदायक संस्था र सामाजिक परिचालकहरुलाई परिचालन गरी संलग्न सूचकहरुमा आधारित भई मार्ग निर्देशनमा उल्लेखित प्रकृयाद्धारा वडा नागरिक मञ्चहरुको क्रियाशीलता मापन तथा वर्गीकरण गरी वर्गीकरणको सारांश नतिजा माघ १५, २०७२ सम्ममा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय इकाई मार्फत मन्त्रालयमा पठाउन हुन अनुरोध गर्दछु । साथै, जिल्ला तथा नगर सामाजिक परिचालन समिति, सामाजिक विकास शाखा र जिल्ला तथा नगर शासन विज्ञवाट वडा नागरिक मञ्चहरुको वर्गीकरण कार्यको अनुगमन गर्ने व्यवस्थाका लागि समेत अनुरोध छ । धन्यवाद ।

वन्धु प्रसाद वास्तोला
उप-सचिव

**वोधार्थ :**

सवै क्षेत्रीय समन्वय इकाईहरु - विराटनगर, मुजेलिया, धुलिखेल, पोखरा, नेपालगञ्ज र धनगढी - त्यस क्षेत्रीय समन्वय इकाई भित्रका स्थानीय निकायहरुलाई वडा नागरिक मञ्चहरुको क्रियाशीलता मापन तथा वर्गीकरण कार्यको अनुगमन तथा फलोअपका लागि आवश्यक सहयोग र समन्वय गरी तोकिएको ढांचामा सो को सारांश नतिजा तयार गरी मन्त्रालयको सामाजिक परिचालन तथा गैसस समन्वय शाखामा पठाउनुहुन ।

## वडा नागरिक मंच वर्गीकरण विधि सम्वन्धि सामान्य मार्गदर्शन

### पृष्ठभूमि :

स्थानीय शासन प्रक्रियालाई सवल र प्रभावकारी वनाउने प्रयास स्वरूप सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा विगत ६ वर्षदेखि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम संचालन हुदै आएको छ | यो कार्यक्रमले अपेक्षा गरेका विभिन्न नौ प्रतिफल क्षेत्रहरु मध्ये नागरिक सशक्तिकरण र स्थनीय शासन प्रक्रियामा नागरिकहरुको अर्थमुलक सहभागिता एउटा महत्वपूर्ण प्रतिफल हो | कार्यक्रमको यो सम्भाग अन्तर्गत सवै जिल्ला विकास समिति सवै नगरपालिकाहरुमा जिल्ला तथा नगर सामाजिक परिचालन समन्वय समिति गठन भइ स्थानीय निकायहरु मार्फत देशव्यापी रुपमा सामाजिक परिचालन अभियानका रुपमा संचालन गरिएको छ | सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक सहयोग पुर्याउने अभिप्रायले जिल्ला विकास र नगरपालिका तर्फ गरी ५५५ वटा गैर सरकारी संस्थाहरु स्थानीय सेवा प्रदायक संस्थाका रुपमा क्रियाशील छन् र यी अन्तर्गत ४७०० सामाजिक परिचालकहरु क्रियाशील रहेका छन् | सामाजिक परिचालन कार्यविधिमा व्यवस्था भए अनुसार गाविस र नगरपालिकाका सवै सवै वडाहरुमा वडा नागरिक मंच गठन भएका छन् र नया नगरपालिका घोसणा भएका नगरपालिकाका वडाहरुमा वडा नागरिक मंच पुनर्गठन गर्ने काम भैरहेको छ | स्थानीय स्तरमा निर्वाचित जनप्रतिनिधि नरहेको वर्तमान अवस्थामा स्थानीय निकायहरुलाई वडा तथा वस्ती स्तरका आवश्यकताहरु पहिचान गर्न तथा प्राथमिकता निर्धारण गर्न, वडा स्तरमा संचालित विकास गतिविधिहरु को नागरिक स्तरवाट अनुगमन गर्न, योजना तथा कार्यक्रमप्रति जनसहभागिता जुटाउन, संचालित कार्यक्रमहरुप्रति नागरिकहरुको स्वामित्वभाव विकास गरी कार्यक्रमलाइ दिगो र प्रतिफलयुक्त वनाउन यी वडा नागरिक मंचहरुले अत्यन्त उल्लेखनीय काम गरेकाछन् | यसका साथै, वडा नागरिक मंचहरुले आफ्नो वडा भित्र रहेका बिभिन्न सरकारी र गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम संचालनमा सहयोग गर्ने, ति संस्थाहरुले गरेका कामहरुको समिक्ष्या गर्ने, समझदारी साझेदारी र खवरदारी समेत गर्ने, गाविस तथा नगरपालिकालाई आवश्यक पर्ने विभिन्न प्रकृतिका सुचना उपलव्ध गराउने, व्यक्तिगत घटना दर्ता गराउन समुदायलाई सहजीकरण गर्ने, आफ्नो वडा भित्र वाल विवाह, वोक्शी प्रथा, महिला विरूद घरेलु हिंसा, जातीय छुवाछुत, सामाजिक भेदभावको अन्त्य, सामाजिक सद्भाव बृद्दिका लागि समेत प्रशसनीय भूमिका निर्वाह गरेका छन् | यसका अतिरिक्त, विभिन्न रास्ट्रिय अभियान, खुल्ला दिसा मुक्त क्षेत्र, पूर्ण साक्षर गाविस /

नगरपलिका, पूर्ण खोप युक्त वडा जस्ता कार्यक्रमहरुमा वडा नागरिक मंचको उल्लेखनीय अग्रसरता र सहभागिता रहेको छ |

अहिले नेपालमा वडा नागरिक मंचहरुको संख्या ३१६४२ रहेकोछ | यी वडा नागरिक मंचहरु नियमित रुपमा भेटघाट गर्ने वैठक वस्ने, आफ्नो वडाका समसामयिक सवालहरुमा छलफल गर्ने र आ-आफ्नो वडालाई नमूना वडाका रुपमा चिनाउने प्रयत्नमा छन् | यसर्थ, यसरी क्रियाशील, वडा नागरिक मंचहरुको क्रियाशीलता मापन गरी त्यसवाट प्राप्त भएको नतिजा अनुसार आगामी दिनमा यिनीहरुलाई थप रचनात्मक काममा परिचालन गर्न आवश्यक देखिएको छ |

वडा नागरिक मंच स्थानीय स्तरका निर्वाचित जनप्रतिनिधिहरुको विकल्पमा आएको नभई स्थानीय निकाय, राजनीतिक दलहरुलाई असल कामका लागि गैर राजनीतिक रुपमा सहयोग गर्न स्थापित भएको नागरिकहरुको साझा मंच हो | यसर्थ, आफ्नो वडालाई सामाजिक सद्भाव युक्त वडा, सचेत नागरिकहरुको वडा, कर्तव्यपरायण नागरिकहरुको वडा, सामाजिक तथा आर्थिक शोषण रहित वडा, सफा र शिक्षित वडा वनाउन स्थानीय सवै दलहरु , नागरिक समाज,स्थानीय संघ संस्थाहरुवाट समेत वडा नागरिक मंचलाई उल्लेख्य सहयोग पुगेको छ | वडा नागरिक मन्चमा रहेर आफ्नो वडाको लागि क्रियाशील रहने व्यवस्थाका लागि प्रत्येक वर्ष वडा नागरिक मंचका प्रत्येक २५ प्रतिशत सदस्यहरु फेरवदल हुने व्यवस्था रहेको छ | वडा नागरिक मंचले गर्नुपर्ने यिनै कामहरुको आधारमा वडा नागरिक मंचको वर्गीकरण गर्ने र आगामी दिनका लागि कार्यनीति तर्जुमा गर्न सहयोग पुर्याउने अभिप्रायले वडा नागरिक मंचको वर्गीकरण प्रक्रियाका लागि समान बुझाई हुनसकोस भन्ने अभिप्रायले यो सामान्य प्रक्रियागत दस्तावेज तयार गरिएको हो |

## वडा नागरिक मंच वर्गीकरण-आवश्यकता र औचित्य :

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट संचालित रास्ट्रिय कार्यक्रम हो | यो कार्यक्रमका विभिन्न ९ वटा अपेक्षित प्रतिफल मध्य सामाजिक परिचालन एउटा महत्वपूर्ण प्रतिफल क्षेत्र हो | नागरिकहरुलाई सशक्तीकरण गरी स्थानीय सेवा प्रदायक संस्थाहरुलाई नागरिकप्रति जिम्मेवार वनाउने र छिटो, पारदर्शी र गुणात्मक वस्तु र सेवाको प्रत्यानुभुति गराउने र स्थानीय स्तरका निर्णय प्रक्रियामा नागरिकहरु विशेष गरी सामाजिक आर्थिक रुपमा पछि परेका, महिला, वालवालिका, फरक क्षमता भएका वर्गहरुको अर्थमुलक सहभागिता सुनिस्चित गर्न सहयोग पुर्याउनु सामाजिक परिचालनको प्रमुख उदेश्य हो | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सन् २००८ वाट प्रारम्भ भएको भएतापनि सामाजिक परिचालनको कार्यक्रम सन् २००९ वाट मात्र प्रारम्भ भयो | यो कार्यक्रमले गाविस र

नगरपालिकाका सवै वडाहरुमा वडा नागरिक मंच गठन गर्न गाविस र नगरपालिकालाई सहयोग गरे अनुसार अहिले गाविस तर्फ २९२७५ र नगरपालिका तर्फ २४२० वडा नागरिक मंच गठन भई क्रियाशील रहेका छन् |

वडा नागरिक मंचका प्रमुख कार्य र जिम्मेवारीहरु सामाजिक परिचालन कार्य विधि २०७१ मा विस्तृत रुपमा उल्लेख गरिएको छ| यसरी सन् २००९ देखि हालसम्मका विभिन्न समयक्रममा गठित नागरिक वडा मंचको क्रियाशीलताको अवस्था समिक्ष्या गरी क्रियाशीलताको अवस्थाका आधारमा मंचलाई वर्गीकरण गर्ने र आगामी दिनमा मंचको भूमिकालाई थप प्रभावकारी वनाउन क्षमता विकासका क्षेत्रहरुको पहिचान गर्न वडा नागरिक मंच वर्गीकरण गर्न आवश्यक भएको हो |

**वडा नागरिक मंच वर्गीकरणका निर्दिस्ट उदेश्यहरु :**

१. वडा नागरिक मंचको क्रियाशीलताको बर्तमान अवस्था मापन गर्ने र मंचलाई आफ्नो काम र कर्तव्य वारे थप जिम्मेवार वनाउन |
२. वडा नागरिक मंच मार्फत स्थानीय स्तरमा प्रवाह हुने सेवाहरुलाई सशक्त वनाउन|
३. स्थानीय स्तरमा क्रियाशील अन्य सेवा प्रदायक संघ संस्थाहरुसंग कार्यगत सम्वन्ध अवस्था मापन गरी समन्वय र सहकार्य बढाउन |
४. सामाजिक परिचालन संयोजकहरु (SM Cordinators) र सामाजिक परिचालकहरुको कार्य दक्ष्यता मापन गरी क्षमता विकास गर्न,
५. वडा नागरिक मंचका लागि क्षमता विकासका क्षेत्रहरुको पहिचान गर्न तदनुरुप क्षमता विकासका कार्यक्रम तयार गर्न |

**वर्गीकरण विधि : :**वडा नागरिक वर्गीकरणका लागि निम्न विधि अवलम्बन गर्ने |

**१.** वडा नागरिक मंचको क्रियाशीलता मापन तथा वर्गीकरणलाई **यथार्थपरक र निस्पक्ष्य रुपमा सम्पन्न गर्न अनिवार्य रुपमा क्रस तरिका अपनाउने | एउटा स्थानीय सेवा प्रदायक संस्थाले काम गरेका गाविसहरुमा अर्को स्थानीय सेवा प्रदायक संस्थाको कोअर्डिनेटरलाई खटाउने | यसैगरी सामाजिक परिचालकहरुको हकमा, साविकमा जिम्मेवारी रहेको गाविसमा नभई सोहि सेवा प्रदायक संस्थाले काम गरेको पायक पर्ने अर्को गाविसमा खटाउने | र यहि नियम नगरपालिकाको हकमा पनि लागू हुनेछ |**

२. वडा नागरिक मंचको वर्गीकरण एउटा सामान्य र सरल काम हो | वडा नागरिक मंचले गर्नुपर्ने मुख्य-मुख्य कामहरुमा आधारित भएर मंचको वर्गीकरण गरिन्छ | यसका लागि स्थानीय सेवा

प्रदायक संस्थाका सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकहरुलाई समान बुझाइ र एकरूपताका लागि  मंचको वर्गीकरणको औचित्य, उदेश्य र सूचकहरुका वारेमा जिल्ला तहमा २-३ घन्टाको अनुशिक्षण कार्यक्रम संचालन गर्नुपर्दछ | यो अनुशिक्षण कार्यक्रममा सूचकहरुको व्याख्या र स्कोर दिने विधि वारे अभ्यास समेत गराउनु जरुरी छ|

३. यसरी जिल्ला तहमा अनुशिक्षन पश्चात उनीहरुलाई मंचको कार्य सम्पादन तथा वर्गीकरण फारम उपलव्ध गराउने |

४. वडा नागरिक मंचको  नियमित वैठक हुने दिन निस्चित हुने गरेको भए  सोहि दिन र त्यस्तो नहुने गरेको भए  वडा नागरिक मंचका संयोजकसंग वसेर वडा  नागरिक मंचको वैठकको मिति तय गर्ने | तर, अवदेखी वडा नागरिक मंचको वैठक प्रत्येक महिना वस्नु पर्ने  व्यवस्था भने गर्नैपर्दछ | Please See AMEP |

५. एक दिनमा एउटा वडा नागरिक मंचको मात्र कार्य सम्पादन मूल्यांकन तथा वर्गीकरण गर्ने| मंचको क्रियाशीलता मापन तथा  वर्गीकरण एउटा सहभागीमूलक  विधि हो | यसर्थ, यो काम वडा नागरिक मंचको  पूर्ण वैठकमा प्रत्येक सूचकहरु वारे  एक-एक गरेर छलफल गर्दै, गरेका कामका आधारमा नम्बर दिदैजानु पर्दछ | यसमा भएका सूचकहरु अनुसार वडा नागरिक मंचले सम्पादन गरेका कामको मुल्यांकन गर्दा मुल्यांकन  गर्दाको मितिसम्मलाई  आधार  मान्ने आफु खुशी नम्बर दिन पाइदैन | **एउटा सुचकको एउटा उप सुचकमा मात्र नम्बर दिनु पर्दछ** |  यसरी एघार वटै सूचकमा स्कोर दिएपछि  जम्मा हुन् आउने  स्कोर जोडनु पर्दछ | नम्बर जोडीसकेपछी क्रियाशीलता मापन तथा वर्गीकरण फारमको  अन्त्यमा सवैले नाम सहित हस्ताक्षर गर्नुपर्दछ| यसो गर्नुको  कारण सवैले  त्यसलाई आत्मसाथ गर्नु हो|

६. यति भैसकेपछि मंचको  वैठकमा हामीले यी यी  सूचकमा पुरा  नम्बर प्राप्त गरियो, यी यी नम्बरमा  आंशिक नम्बर प्राप्त गरियो र  यी-यी  सूचकमा कुनै नम्बर पाउन सकिएन | किन होला , अव आगामी दिनमा के गर्ने  भन्ने जस्ता  विषयमा मंचका पदाधिकारीहरुलाई छलफल गराएर आफ्नो अवस्था बोध गर्न सहयोग गर्नु पर्दछ र सुधारको प्रतिवद्दता माइन्युट  गरेर राख्ने र प्रत्येक मासिक वैठकमा सुधारका लागि  गरिएका प्रयासहरुको  समिक्ष्या गर्नु पर्दछ|

७. वडा नागरिक मंचको क्रियाशीलता मापन तथा वर्गीकरण प्रक्रियालाई विश्वाशिलो र यथार्थपरक वनाउन  जिविस, नगरपालिका  तथा क्षेत्रीय समन्वय इकाईले वडा नागरिक मंचको क्रियाशीलता मापन तथा वर्गीकरण प्रक्रियाको अनिवार्य रुपमा Randomly  अनुगमन  गर्ने |

८. गाविस तथा नगरपालिकाका  सवै वडाको बर्गिकरण सम्पन्न भएपछि सम्वन्धित सेवा प्रदायक संस्थावाट सो को विवरण लिएर सामाजिक विकास शाखाले गाविस तथा  नगरका वडाहरुको कुन-कुन मंच अति सक्रिय तथा क वर्ग, कुन ख  वर्ग, कुन ग वर्ग र कुन  घ वर्ग  भनेर संक्षिप्त विवरण  तयार गरी क्षेत्रीय समन्वय  इकाइमा पठाउने |

**वर्गीकरण**

| | |
|---|---|
| क. ८० भन्दा माथि स्कोर ल्याउने वडा नागरिक मंच | क श्रेणी |
| ख. ६० भन्दा माथि ८० स्कोर ल्याउने | ख श्रेणी |
| ग. ४० देखि माथि ६० स्कोर ल्याउने | ग श्रेणी |
| घ. ४० भन्दा तल स्कोर प्राप्त गर्ने | घ श्रेणी अत्यन्त कम्जोर क्रियाशीलता |

**वडा नागरिक मंच वर्गीकरणका लागि सूचकहरु:**

वडा नागरिक मंचको वर्गीकरणका लागि यो प्रारम्भिक मस्यौदामा विभिन्न दश सूचकहरु तय गरिएको छ | यो प्रारम्भिक मस्यौदा भएकाले यसमा अन्य सूचक थप गर्न सकिनेछ | तय भएका एघार मुख्य सूचक भित्र दुइ देखि ४ सम्म उप सूचक राखिएकाछन् | मुख्य सूचक र उप सूचकहरु निम्नानुसार रहेकाछन्|

**सूचक-१ वैठक संचालनको अवस्था :**

वडा नागरिक मंचको वैठक सामान्यतया महिनामा एक पटक हुन पर्ने व्यवस्था (Output-I AMEP) छ| यसर्थ, यस अन्तर्गत निम्नचारवटाउपसुचकहरु राखिएको छ |

१. मासिक वैठक हुन्छ
२. द्वैमासिक रुपमा हुन्छ
३. चौमासिक रुपमा हुन्छ
४. आवश्यकतामा आधारित भएर मात्र वैठक हुन्छ,

**सूचक-२ योजना तर्जुमा र प्राथमिकता निर्धारण :**

वडा नागरिक मंचका विभिन्न जिम्मेवारीहरु मध्ये यो एक महत्वपूर्ण काम हो | यसमा मंचको क्रियाशीलताको अवस्था थाहा पाउन निम्न तिन वटा उप सूचकहरु राखिएका छन् |

१. वडा भेलाकोआयोजना रप्राथमिकता निर्धारण वनामवाट हुने गरेको
२. वडा भेलामा सहभागी सम्म भएको
३. वडा भेला नै नभएको

**सूचक-३ स्थानीय निकायवाट वनामले प्रस्ताव गरेका योजना स्वीकृतिको अवस्था (चालु वर्षको आधार लिने )**

१. ७० प्रतिशत भन्दा धैरै
२. ६० देखि ७० प्रतिशत

३. ५० देखि ६० प्रतिशत ४. ५० भन्दा कम

***नोट: यो सुचकमा बुझ्न पर्ने कुरा के हो भने गाविस तथा नगरपालिकाले स्वीकृत गरेका मध्ये कति योजना तथा कार्यक्रम वडा नागरिक मंच वाट प्रस्ताव भएका हुन् भन्ने आधारमा निकाल्ने। किन भने वडा नागरिक मंचवाट धेरै योजना माग हुनसक्छन् तर सवै योजनालाइ स्थानीय निकायसंग वजेट हुदैन। यदि प्रस्ताव गरिएको योजनाका आधारमा स्वीकृत योजनाको संख्या निकाल्न खोजियो भने त्यो स्वत निकै कम हुनेछ। यसर्थ, प्रस्ताव गरिएका आधरमाभन्दास्वीकृतभएका मध्ये कति वनामका योजना हुन् भनेरगणना गर्नु व्यवहारिक हुनेछ।***

**सूचक-४नागरिक अनुगमनमा वनामको क्रियाशीलता :**

यो सूचक अन्तर्गतनिम्न तीनवटा उपसुचकहरु राखिएकोछ।

१. आफ्नो वडाका हरेक योजनाको सार्वजनिक लेखा परिक्षण गरी आय व्यय सार्वजनिक गराउने गरेको
२. कुनै-कुनै योजनाको मात्र खर्च सार्वजनिक हुने गरेकोयस
३. यस सम्वन्धमा वनामको कुनै अग्रसरता नभएको

**सूचक-५: सेवा प्रवाहको अवस्था समिक्ष्या र मुल्यांकनमा वनामको क्रियाशीलता :**

यो सूचक अन्तर्गत निम्न दुईवटा उपसूचकहरु समावेश गरिएका छन्।

1. मंचको वैठकमा सरकारी गैर सरकारी संस्थाले गरेको कामको नियमित रुपमा समिक्ष्या र मुल्यांकन हुने गरेको –हाल सम्म जम्मा चारवटा वा सो भन्दा बढीसंस्थाहरुको को समीक्षा गरिएको
2. हाल सम्म दूइवटा संस्थाहरुको समीक्षा गरेको
१. सरकारी गैर सरकारी संस्थाले गरेको कामको समिक्ष्या र मुल्यांकन हुने नगरेको र वडामा संचालित संस्थाको बारेमा जानकारी नभएको

**सूचक-६ समाज रुपान्तरण र सामाजिक सद्भाव बृद्दिमा मंचको क्रियाशीलता: यो सूचक अन्तर्गत निम्न दुईउपसूचकहरु समावेश गरिएका छन्।**

१. वडामा वोक्शी प्रथा, वाल विवाह, जातीय भेदभाव, छुवाछुत जस्ता कुप्रथा हटाउन र सामाजिक सद्भाव वढाउन सक्रिय रही कम्तीमा दुईवटामाकुप्रथा कम गर्न सक्रिय भएको
२. कम्तिमा कुनै एक कुप्रथा कम गर्न सक्रिय रहेको
३. कुप्रथाहरु हटाउने सम्वन्धमा कहिले काही मात्र चेतना विस्तारका काम गरेको, खासै प्रगति नभएको

**सूचक ७ रास्ट्रीय  अभियानमा वनामको क्रियाशीलताको अवस्था :**

यस अन्तर्गत निम्नतिनउपसूचकहरुसमावेश गरिएका छन् |

१. खुल्ला दिसा मुक्त , पूर्ण सरसफाई, बिद्यालय भर्ना अभियान, पूर्ण खोप, वातवरण सरसफाई जस्ता काममा वनाम सक्रिय हुने गरेको
२. खुल्ला दिसा मुक्त , पूर्ण सरसफाई, बिद्यालय भर्ना अभियान, पूर्ण खोप, वातवरण सरसफाईमध्ये कुनै दुइ अभियानबारे  छलफल भइ कार्यान्यवन गर्न खोजिएको
३. यस्ता विषयमा वनामको वैठकमा कुनै छलफल नभएको

**सूचक ८ सेवाप्रवाहमा गाविस/नपालाई सहयोगको अवस्था:**

यो सूचक अन्तर्गत निम्न  २ वटा  उपसूचकहरु  समावेशगरिएका छन्|

१. सामाजिक सुरक्षा  भत्ता पाउनेहरुको नामावली अध्यावधिक तथाव्यक्तिगत घटना दर्ता गर्नेकार्यमासहयोग गरेको
२. यस संबन्धमा वडा बासीहरुलाई सूचना दिने तथा भत्ता वितरणमा सहयोग गरेको
३. यस सम्वन्धमा कुनै पहल  नभएको

**सूचक ९ उपभोक्ता समिति गठन प्रक्रियामा क्रियाशीलता:**

यो सूचक अन्तर्गतनिम्न २  वटा उप सूचकहरु  रहेकाछन् |

१. आफ्नो क्षेत्रमा समावेशी उपभोक्ता समिति गठन गर्न सक्रिय रुपमा सहयोग गरि उपभोक्ता समितिको कामको  मूल्यांकन समेत गरेको
२. उपभोक्ता समिति गठनमा मात्र सहयोग गरेको
३. यस सम्वन्धमा कुनै भूमिका निर्वाह नभएको

**सूचक १०. अन्य सरकारी  गैर सरकारी निकाय तथा समुदायमा आधारित संस्थाहरुसंग सहकार्य, साझेदारिता र समन्वय :**

१. वडा भित्र हुने विकास गतिविधिका लागि विभिन्न गैर सरकारी, सरकारी तथा स्थानीय संस्थासंग समन्वय गरि कम्तिमाचार  वटा क्रियाकलाप सम्पन्न गरेको
२. वडा भित्र हुने विकास गतिविधिका लागि विभिन्न गैर सरकारी, सरकारी तथा स्थानीय संस्थासंग समन्वय गरि कम्तिमा दुइ वटा क्रियाकलाप सम्पन्न गरेको
३. यस्ता  विषयहरुमा कुनै  चासो र सरोकार नलिएको

***नोट : यदि माथि उल्लेखित सूचकहरु वाहेक वडा नागरिक मंचवाट कुनै नवीनतम र उल्लेखनीय काम भएको भए क्रियाशीलता मापन फारमको अन्त्यमा उक्त उल्लेखनीय कामहरु वुदागत रुपमा उल्लेख गर्ने र नियमित प्रतिवेदनमा उक्त कुरा समावेश गर्ने |***